**निर्णय नं. १**

विधेयक मस्यौदा तर्जुमा समितिको बैठकबाट स्वीकृतिका लागि सिफारिस भई आएका तपसीलमा उल्लिखित निर्देशिका, कार्यविधि माथि छलफल गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल :**

१. धनकुटा नगरपालिकाको पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

२. धनकुटा नगरपालिकाको साना सिचाई आयोजना सञ्चालन निर्देशिका, २०८०

**निर्णय नं. २**

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगरको च.नं. ५०६ मिति २०८०।११।३० को प्राप्त पत्रानुसार आ.व. २०८१।०८२ का लागि समपुरक अनुदान (कोशी प्रदेश ६५% र स्थानीय तह ३५% को लागत साझेदारी) बाट सञ्चालन हुने गरी तपसिलमा उल्लिखित योजनाहरु आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगर पठाउने निर्णय गरियो।

**तपसिल :**

१. विहिवारे हाट ठोका दाहाल चौतारा भिरगाउ सडक स्तरोन्नति

२. घुमाउने चौतारा टेकु नाला मुलघाट सडक स्तरोन्नति

**निर्णय नं. ३**

प्रदेश सरकार र धनकुटा नगरपालिकाको लागत साझेदारी समपुरक अनुदान अन्तर्गत सडक स्तरोन्नतीको काम भइरहेको सल्लेरी वरवोटे बाघेखोला सडकको काम गर्दै जाँदा केही स्थानमा Structure का काम थप गर्न पर्ने तथा लागत अनुमानको अन्तिम विन्दु भन्दा अगाडि ३५० मि. ग्राभेल गर्न पर्ने भएको हुनाले उक्त दुवै काम गर्न सम्झौता रकम रु. १,०१,८८,५३२।२० (मु.अ.कर र कन्टिजेन्सी सहित) को २०% ले हुन आउने रकम रु. १९,९८,२२१।६१ को (प्राविधिकबाट तयार भएको) भेरियसन आदेश धनकुटा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७८ को नियम १२७ भेरियसन आदेश (१) ग अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

चालु आ.व.को वडा स्तरीय वजेट तथा कार्यक्रम अन्तर्गत निम्न वडाको निम्नानुसारको कार्यक्रमको शिर्षक परिवर्तन गरी नयाँ शिर्षक कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

वडा नं. ५

| क.स. | व.शि.नं. | स्वीकृत योजनाको नाम | रकम | परिवर्तन पछि कायम भएको योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २२५२२ | प्रोष्टेट | १,००,०००। | शहरी स्वास्थ्य | १,००,०००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम | - | क्लिनिक भवन व्यवस्थापन | - | |
| २. | २२५२२ | स्वास्थ्य परिक्षण कार्यक्रम | ५०,०००।- | सल्लेरी खेल मैदान स्तरोन्नती | ५०,०००।- | |

**निर्णय नं. ५**

धनकुटा नगरपालिका २, भीरगाउँ स्थित मधुगंगा धाम संरक्षण विकासको ठेक्का सम्झौता भएको थेगिम सिंह जे.भि. ले २०८० असार २४ गते छैटौं रनिङ विल भुक्तानी लिई २०८० असोज मसान्तसम्म म्याद थप लिइ काम नगरेको हुनाले कार्यालयबाट पटक पटक मौखिक रुपमा कुरा गर्ने तथा मिति २०८०।१०।४ मा पत्राचार गरिए पछि २०८०।१०।७ मा कार्यवाही नगरिदिन काम सम्पन्न गरी थेगिम सिंह जे.भी. बाट हस्तान्तरण गर्ने भनि राजेन्द्र गुरागाई लाई पावर अफ एटर्नी दिएको पत्र समेत प्राप्त भएको थियो। २०८०।१२।४ सम्म पनि काम शुरु नगरे पछि पुन धनकुटा नगरपालिका सार्वजनिक खरिद नियमानवली २०७८ को नियम १३० बमोजिम पूर्व निर्धारित अनुसारको जरिवाना लागु गर्ने भनि लेखि पठाए पछि मिति २०८०।१२।१५ मा थप आर्थिक व्ययभार नपर्ने गरी काम गर्ने प्रतिवद्धता पत्र साथ कार्ययोजना संलग्न राखी म्याद थपका लागि निवेदन पेश गरेको हुनाले उक्त योजनामा थप दायित्व नव्यहोर्ने गरी २०८१ आषाढ मसान्तसम्म म्याद थप गरी कार्य सम्पन्न गराउने निर्णय गरियो।

**निर्णय नं. ६**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगरको च.नं. १२३० मिति २०८०।११।१५ को स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धको प्राप्त पत्रानुसार धनकुटा नगर कार्यपालिकाको कार्यलयलाई स्थयी कार्यालयको रुपमा दर्ता गरिदिन मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगरमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ७**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेश विराटनगरको च.नं. १२३० मिति २०८०।११।१५ को स्थायी कार्यालय तथा स्थायी पद दर्ता गर्ने विषयको पत्र प्राप्त भएको छ। सङ्घीय सरकारबाट समायोजन कार्य पूरा भई स्थानीय तहहरुले संगठन व्यवस्थापन सर्भेक्षण तथा दरवन्दी पुनरावलोकन गर्ने पत्राचार भए अनुसार धनकुटा नगरपालिकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सेवा निवृत भएका विज्ञहरुलाई सेवा करारमा लिई धनकुटा नगरपालिकाको संगठन व्यवस्थापन सर्भेक्षण तथा दरवन्दी पुनरावलोकन प्रतिवेदन तयार गर्न लगाई कार्यपालिका र नगर सभामा छलफल गरी २०७८ फागुण १० मा सम्पन्न नवौं नगरसभाबाट उक्त

प्रतिवेदन स्वीकृत भएको हुनाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को परिच्छेद ३ दफा ६ र ७ को व्यवस्था अनुसार पुन व्यवस्थापन सभेक्षण गरिरहन नपने र नगरसभाबाट स्वीकृत भएका पद दर्ता का लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय को शी प्रदेश विराटनगरमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

<u>निर्णय नं .८</u>

धनकुटा नगरपालिकाको २०७८ फागुण १० मा सम्पन्न नवांै नगर सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन प्रतिवेदन अनुसार धनकुटा नगरकार्य पालकाको कार्यालयमा कार्यरत स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५७ (७) मा भएको व्यवस्था कार्यान्वयन नभएसम्म सो ही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीले पाउने सेवा सुविधा धनकुटा नगरपालिकाबाटै साविक भै भुक्तानी गरिने व्यहोरा मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

<u>निर्णय नं .९</u>

निजामती कर्मचारी सेवा ऐन २०४९ को दफा ३३ (१) मा ५८ वर्ष उमेर पुरा भएको निजामती कर्मचारीले निजामती सेवावाट स्वतः अवकास पाउने छन् भन्ने उल्लेख रहेको छ। स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५२ मा प्रचलित सङ्घीय कानुनले अनिवार्य अवकासका लागि तोकेवमोजिमको उमेर पुरा भएको कर्मचारीले स्थानीय सरकारी सेवावाट अनिवार्य अवकास पाउने उललेख भएको छ । धनकुटा नगरपालिकाको कर्मचारी सेवा ऐन, २०७७ को दफा ९३ अनिवार्य अवकास (१) क मा उमेर ५८ वर्ष पुरा भएमा अनिवार्य अवकास दिईने व्यवस्था रहेको छ । ५८ वर्ष उमेर पुरा भए पछि स्वतः अवकास हुने व्यवस्था व्यक्ति करार अन्तर्गत करार सेवामा समेत लागु हुने हुनाले करार सेवामा रहेका ५८ वर्ष उमेर पुरा भएका करार सेवाका कमचारीलाई २०८१ वैशाख १ गते देखि लागु हुने गरी अनिवार्य अवकास दिने निर्णय गरियो ।

<u>निर्णय नं १०</u>

धनकुटा नगरपालिकाबाट साबिकको गाबिस अनुसारको कित्ता विवरणबाट यस अघि अनसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भएका तथा भू-उपयोग क्षेत्र परिवर्तन गर्न प्राप्त निवेदन उपर मिति २०८०/१२/२८ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको सिफारिस तथा भूउपयोग (पहिलो संशोधन), नियमावली, २०८० को नियम ४ को उपनियम ४ अनुसार देहाय बमोजिम कायम गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | जग्गा वर्गीकरणमा कायम रहेको अवस्था | वर्गीकरणमा कायम भएको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| 1 | मनिषा ढुङ्गेल | धनकुटा न.पा. | धनकुटा बजार ७ | १३०८ | ०-९-०-० | छुट भएको | आवासीय |
| 2 | मैया श्रेष्ठ | धनकुटा न.पा. | निगाले ८ | २०१ | १-४-२-० | सार्वजनिक उपयोग क्षेत्र | आवासीय |
| 3 | बिमला लिम्बू | धनकुटा न.पा. | धनकुटा बजार ७ | २०८२ | ०-३-०-२ | छुट भएको | आवासीय |

निर्णय नं ११

धनकुटा नगरपालिकाको पर्यटन सूचना केन्द्र सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०८० अनुसार वडा नं ७ बसपार्कमा निर्माण भएको भवनलाई पर्यटन सूचना केन्द्रको रुपमा सञ्चालन तथा ब्यवस्थापन गर्ने गरी उक्त पर्यटन सूचना केन्द्रको २०८१/०१/०२ गते उद्घाटन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

धनकुटा नगरपालिका क्षेत्रभित्र होम वायोग्यास को माग बढी रहेको छ । प्रति १ होम वायोग्यासको जम्मा मुल्य ५६०००/- पर्दछ उक्त मुल्यमा धनकुटा नगरपालिकाले रु २००००/- उपभोक्ताले रु १६०००/- र होम वायोग्यासको आधिकारिक प्रतिनिधि वायोमास पावर नेपाल प्रा.लि. ले रु २००००/- लागत साझेदारी गरी वायोग्यास जडान गर्ने इच्छुक नगरवासीहरुवाट निवेदन मागका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

धनकुटा नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयहरुलाई यसै शैक्षिक सत्र देखि अनिवार्य रुपमा १० प्रतिशत छात्रवृत्ती उपलब्ध गराउन सबै विद्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं १४

धनकुटा नगरपालिका-८ को टेकुनाला क्षेत्रका वासिन्दालाई सहयोग पुऱ्याउनका लागि निर्माण गरिएको स्वास्थ्य संस्था भवनवाट हप्तामा ३ दिन सेवा प्रवाह गर्ने उक्त सेवा प्रवाह वडा नं. ८ कै सान्ताङमा रेहेको शहरी स्वास्थ्य क्लिनिकवाट आलो पालो गर्ने गरी जनशक्ति व्यवस्थापन गर्ने साथै वडा

नं.६ को खाल्डे, वडा नं. ५ को वालमन्दिर र वडा नं.१ हिलेको विहिवारे हटियामा रहेको स्वास्थ्य भवनवाट प्राथमिक स्वास्थ्य सेवा प्रवाह गर्नका लागि खाल्डे र वालमन्दिरको स्वास्थ्य संस्थाका लागि १/१ जना र हिलेमा रेहेको स्वास्थ्य संस्थाका लागि २ जना जनशक्ति आन्तरिक व्यवस्थापनवाट मिलाउने र उक्त स्वास्थ्य संस्थाहरु सञ्चालनका लागि वडा कार्यालयहरुले समेत वजेट व्यवस्थापन गर्ने र आगामी आ.व.मा औषधी खरिदका लागि नगरपालिकावाट पनि रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।